नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :-

च.नं. :

मिति : २०८२/०१/०९

## हार्दिक अपिल

राष्ट्रिय परीक्षा बोर्डद्वारा मिति २०८२ वैशाख ११ गतेदेखि ऐ. २४ गतेसम्म माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) सञ्चालन हुने गरी परीक्षा समयतालिका सार्वजनिक गरिएको बेहोरा विद्यार्थी, अभिभावक र शिक्षकहरूमा विदितै छ । समयमै परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्नेतर्फ बोर्ड प्रतिबद्ध रहेको अवस्थामा हाल सिर्जित विशेष परिस्थितिका कारण परीक्षार्थीले गरेको अनुरोध, अभिभावकको चिन्ता तथा परीक्षा केन्द्रको व्यवस्था र सञ्चालनमा आउन सक्ने प्राविधिक कठिनाइसमेतलाई दृष्टिगत गरी राष्ट्रिय परीक्षा बोर्डबाट २०८२ वैशाख ११ गतेदेखि सञ्चालन हुने गरी निर्धारण गरिएको माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा मिति २०८२/०१/२१ गते बिहान ८ बजेबाट सञ्चालन हुने बेहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ । परीक्षाको मिति संशोधन गर्दा विद्यार्थी र अभिभावकमा पर्न गएको असुविधाप्रति राष्ट्रिय परीक्षा बोर्ड क्षमाप्रार्थी छ । साथै परीक्षार्थीमा परीक्षाको तयारीलाई निरन्तरता दिन अनुरोध छ । परीक्षाको समयतालिका मिति २०८२/०१/१० गते बोर्डको वेबसाइट **https://neb.gov.np** मार्फत र सोपश्चात् गोरखापत्र दैनिकमा समेत प्रकाशन गरिने छ। परीक्षालाई मर्यादित रूपले सम्पन्न गर्न प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति, स्थानीय तहहरू, केन्द्राध्यक्षहरू, शिक्षक, सुरक्षा निकायलगायत सम्पूर्ण सरोकारवालामा राष्ट्रिय परीक्षा बोर्ड हार्दिक अपिल गर्दछ ।

२०८२।१।९

डा. महाश्रम शर्मा
(अध्यक्ष)

फोन : ६६३०८४८, ६६३१३९४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३९०७३ फ्याक्सः ६६३०५९८, ६६३०८४८